# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## उदयपुरगढी गाउँपालिका

### उदयपुर





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## उदयपुरगढी गाउँपालिका

### उदयपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## उदयपुरगढी गाउँपालिका

उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजू फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १५३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुर ।

**कैफियतसहितको राय**

हामीले उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड १७ लाख २ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ५० लाख ९२ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५१ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु १ करोड २ लाख ५३ हजार र पेश्की रू.११ लाख ३७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३ करोड १० लाख १४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ४६ लाख ७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

उदयपुरगढी गाउँपालिका, उदयपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | | | | | | |
| ४५ | ४३ | २१७०२ | ० | १० | ५०९२ | ४५ | ३३ | १६६१० | ६६ | १०२५३ | ५१५४ | ० | ० | १५४०८ | ११३७ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

(रु.हजारमा)

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १५.१ | पेश्की फस्यौंट भएको प्रमाण पेश । | ४२१८ |
| २ | १५.२ | पेश्की फस्यौंट भएको प्रमाण पेश । | १५० |
| ३ | २५ | बढी भुक्तानी रकम असुल गरी दाखिला भएको प्रमाण पेश । | ८ |
| ४ | ३० | पदाधिकारी अनुगमन प्रतिवेदन पेश भएको । | ७०४ |
| ५ | ३५.२ | सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी रकम असुल भएको प्रमाण पेश। | १२ |
| | | **जम्मा** | **५०९२** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| उदयपुर | उदयपुरगढी गाउँपालिका | ३१०१४ | ० | ३०१७ | २७९९७ | ० | १६६१० | ४४६०७ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

**कार्यालय र स्थान** : उदयपुरगढी गाउँपालिका, उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश राई | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | माधव सुवेदी | २०७८-४-१ | २०७८-१२-१३ |
| लेखा प्रमुख | शेखर कुमार बुढाथोकी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १६,६१०,००२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | ८,८७,८६,२४६.३९ |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,४१,७०,१७३ | **चालु खर्च** | ४७,७९,५६,३८१.३१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४७,६१,०७५ | **पूँजीगत खर्च** | २१,०५,०९,०४५.११ |
| **राजश्व बाँडफाँट** | १०,३३,५०,६०२.८१ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ९६,४८,५८१ | | |
| **अन्य आय** | १५,३६,२६,४७४ | | |
| **कुल आय** | ६९,५५,५६,९०५.८१ | **कुल खर्च** | ६८,८४,६५,४२६.४२ |
| | **बाँकी मौज्दात** | | ९,५८,७७,७२५.७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास, लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध, सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो गाउपालिका अन्तर्गत ८ वडा रहेका छन्। यो पालिकाको २६९.५ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या २८९२९ रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| वित्तीय प्रतिवेदन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| | | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७३९०८७५०२ | ६९५५५६९०६ | | ६९५५५६९०६ | ५१०४०८९५९ | | ५१०४०८९५९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५८७०४४१९० | ५४६९१९२८४ | ० | ५४६९१९२८४ | ५०९८२८४०३ | ० | ५०९८२८४०३ |
| ११००० कर | ११ | १०८१८६५७० | १०९८९४६८० | ० | १०९८९४६८० | ९२३९८४८४ | ० | ९२३९८४८४ |
| १३००० अनुदान | | ४७७९५२६२० | ४३२९७२१४२ | ० | ४३२९७२१४२ | ४१६८१२०६९ | ० | ४१६८१२०६९ |
| संघीय सरकार | १२ | ४४५२२२६२० | ४०४१७०१७३ | ० | ४०४१७०१७३ | ३९५३१५०६९ | ० | ३९५३१५०६९ |
| प्रदेश सरकार | १२ | २८२३०००० | २४७६१०७५ | ० | २४७६१०७५ | २१४९७००० | ० | २१४९७००० |
| अन्तरिक श्रोत | | ४५००००० | ४०४०८९४ | ० | ४०४०८९४ | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | ० | ३१०४५०४ | ० | ३१०४५०४ | ६१७८५० | ० | ६१७८५० |
| १५००० विविध प्राप्ति | | ७००००० | ६६८३२० | ० | ६६८३२० | ० | ० | ० |
| ३३००० दायित्व | | २०५००० | २७९६३८ | ० | २७९६३८ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १५२०४३३१२ | १४८६३७६२२ | | १४८६३७६२२ | ५८०५५६ | | ५८०५५६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १५५०००० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ३८९९७४१ | ० | ३८९९७४१ | ५८०५५६ | ० | ५८०५५६ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १५०४९३३१२ | १४४७३७८८१ | ० | १४४७३७८८१ | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८२१८३८७०५ | ६८८४६५४२६ | | ६८८४६५४२६ | ४६१९९०१२५ | | ४६१९९०१२५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६९७९५३९३ | ५४२२००८८४ | | ५४२२००८८४ | ४६१८३४१८५ | | ४६१८३४१८५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २११७८६५७० | १७९९२७५४३ | ० | १७९९२७५४३ | १४६३५८९७८ | ० | १४६३५८९७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९४४७०६२० | १५०४३१०९७ | ० | १५०४३१०९७ | १४०३०१९५८ | ० | १४०३०१९५८ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | २८८७००० | ० | २८८७००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७०८०००० | ० | ० | ० | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | १९३०००० | १३३३२०० | ० | १३३३२०० | १४९८४६० | ० | १४९८४६० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५४५२८२०३ | २१०५०९०४५ | ० | २१०५०९०४५ | १७०७८७७८८ | ० | १७०७८७७८८ |
| घ. अन्य भूक्तानी | | १५२०४३३१२ | १४६२६४५४२ | | १४६२६४५४२ | ४६१९९०१२५ | | ४६१९९०१२५ |
| कोषहरु | | १५५०००० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | १५३८२१९ | ० | १५३८२१९ | १५५९४० | ० | १५५९४० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १५०४९३३१२ | १४४७३७८८१ | ० | १४४७३७८८१ | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -११५५८ | | -११५५८ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -८२७५१२०३ | ७०९१४७९ | | ७०९१४७९ | ४८४१८८३५ | | ४८४१८८३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>८८७८६२४६</td><td></td><td>८८७८६२४६</td><td>७९७७३९०५</td><td></td><td>७९७७३९०५</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>-८२७५१२०३</td><td>९५८७७७२६</td><td></td><td>९५८७७७२६</td><td>१२८१९२७४०</td><td></td><td>१२८१९२७४०</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>९५८७७७२६</td><td></td><td>९५८७७७२६</td><td>१०५९४९८८०</td><td></td><td>१०५९४९८८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षण</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा गरिबसंग विशेश्वर कार्यक्रम स्वच्छ वातावरण कार्यक्रम तथा एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको खर्च रु १४४७३७८८१ सुत्रमा लेखाङ्कन गरेको देखिएन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाको निम्न अनुसारका खातावाट स्थानिय संचितकोष खातामा स्थानान्तरण गरेको देखिएन। कानुनमा व्यवस्था भए वमोजिम रकम स्थानिय संचितकोषमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ।<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु</th></tr>
<tr><td>ग २.१ चालू खर्च खाता- विजोर वर्ष</td><td>३२०५९२९.२३</td></tr>
<tr><td>ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>१४७९९५०६.८९</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | पालिकाको गत वर्षको वित्तिय प्रतिवेदन अनुसार गत आर्थिक बर्षको अन्तिम मौज्दात रु ८६९७८९४४ रहेकोमा पालिकाको यस बर्षको वित्तिय प्रतिवेदनको सुरु मौदात रु ८८७८६२४६.३९ जिम्मेवारी सारेको देखियो। रु १८०७३०३।३९ बढि जिम्मेवारी सारेको देखिएकोले हिसाव मिलान गर्नु पर्दछ। | |
| ४.४ | | | कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको स्रेस्ता भन्दा बैकमा रु २८३३९१८ बढि मौज्दात देखिएकोमा हिसाव मिलान विवरण तयार गरेको देखिएन। | |

| खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग १.१ आन्तरिक राजस्व खाता | ० | १५००१ | -१५००१ |
| ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | १४.७३ | १४.७३ | ० |
| ग १.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.१ चालू खर्च खाता- विजोर वर्ष | ३२०५९२९.२३ | ३८८८०८७९.६९ | -३५६७४९५० |
| ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | १४७९९५०६.८९ | ३३३६५८५६.८९ | -१८५६६३५० |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ३५५३०१०.३९ | ४०८७७६४ | -५३४७५४ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ८४६२०१३६.५४ | २२३७७१४३.११ | ६२२४२९९३ |
| ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | ६९९१२८. | | ६९९१२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td>-११००००००.</td><td></td><td>-११००००००</td></tr>
<tr><td></td><td>९५८७७७२६</td><td>९८७११६४४</td><td>-२८३३९१८</td></tr>
</table>
उल्लेखित वैक कारोवारमा भिन्नता देखिएकोमा सोको हिसाव यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । तर पालिकामा यस सम्वन्धमा समितिको वैठक वसेको देखिएन।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु व्यवस्था गरेको छ। पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७८।३।१० गते आर्थिक बर्ष २०७८।७९ को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।४।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५.५ | | | आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ति भएको देखिन्छ । अधिकृत छैठौं लेखा लगायतका रीक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **कर्मचारी करार** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ४४ जना कर्मचारीहरु करारमा राखि रु. खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर, सामाजिक परिचालक, अहेव, अनमी पदमा १५ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५७ लाख ९० हजार भुक्तानी गरेको अनियमित देखिएको रु. | ५,७९०,००० |
| ७ | | | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेकोछ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्रटुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्तविवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गोलगाउन बाँकी ४ र यो बर्ष थप भएको ७ गरी कुल ११ विवाददर्ता भएको मा ५ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ।न्यायसम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारागरी टुङ्गो लगाउनुपर्दछ। | |
| ८ | | | **सेवा प्रवाहः** स्थानीय सरकार संचालन स्थानीय तहले आफ्नो अधिकार भित्रको विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार पालिकाले २ वटा नीती, ११ वटा ऐन, ४ वटा नियमावली, ७ वटा निर्देशिका र २९ वटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाबाट १८४९ जन्म मृत्यु र बसाइसराइका घटना दर्ता विवरण प्राप्त भएको छ । नागरिकता सिफारिश १०८० नाता प्रमाणित ३२९ र घरबाटो सिफारिश २८० गरेको विवरण प्राप्त भएको छ । पालिकाबाट सेवा प्रवाह हुने सबै विवरण अद्यावधिक राख्नु पर्दछ । | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ९.१ | | | आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | छ। साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br><br>• वजेट व्यवस्थापनतर्फ- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन, दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन, स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,<br>• भ्रमण खर्च व्यवस्थापनतर्फ- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको देखिएन, नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन।<br>• खरिद व्यवस्थापन तर्फ- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको, स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो। • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन नगरेको,<br>• शिक्षातर्फ - स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन। संस्थागत विद्यालयहरूको दर्ता, नविकरणशुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन।<br>• आन्तरीक आय तर्फ - पालिकाले एकिकृत सम्पति कर तथा व्यवसाय करदाताको लगत तयार गरी नियमित रुपमा कर तिर्ने र कर तिर्न बांकी रहेका करदाताको विवरण अध्यावधिक गरी कर नतिरेकावाट कर संकलन गर्नुपर्नेमा पालिकाले सोको लगत नै राखेको देखीएन।<br>• विविध तर्फ- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको, कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको. विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन। | |
| ९.२ | | | **सूचना प्रविधी पद्दतिः** सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | **बेरुजु लगतः** म. ले. प. फाराम म. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |
| ९.४ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक गरी राखेको देखिएन। | |
| ९.५ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| १० | | | **खरिद तथा ठेक्का अभिलेखः** ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ वमोजिमको लगत राखेको देखिएन। | |
| ११ | | | **धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यलयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले मिति २/०७८/५/२९ वाट अनमोल निर्माण सेवालाई धरौटी फिर्ता गर्दा कर समायोजन बेगर नै धरौटी फिर्ता गरेकोले कर समायोजन पेश गर्नुपर्ने रु | ८५,१७९ |
| १२ | | | **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु ३४,९९,९००खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| १३ | | | **तलबी विवरण पारित नगरेकोः** शिक्षा नियमावली, २०५९ को नियम १२६ मा शिक्षकको अभिलेख व्यवस्थापन गर्न राष्ट्रिय किताबखानाको व्यवस्था गरी प्रत्येक स्थायी शिक्षकको तलब स्केल र ग्रेड खुल्ने गरी तलबी विवरण पारित गराउनु पर्ने | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्था छ । पालिकाले बार्षिक तलबी विवरण पारित नगरी तलब भत्ता निकासा गरेको छ । तलबी विवरण पारित गराएर मात्र खर्च लेखु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>अनुदान</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो. भौ. न.</th><th>मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३६४</td><td>२०७९।३।२०</td><td>सामुदायिक रेडियो उदयपुरलाई अनुदान</td><td>९६०००</td></tr>
<tr><td>३४०</td><td>२०७९।३।१७</td><td>अमुर्त मिडिया प्रालिलाई गाउँपालिकामा एफएम रेडियो स्थापनाकोलागि अनुदान</td><td>५०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५९६०००</td></tr>
</table></td><td>५९६,०००</td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>श्री नमुना माध्यमिक विद्यालयको भवन निर्माण कार्य वोलपत्रको माध्यमवाट ठेक्का वन्दोवस्त गरेकोमा वचत रकम फिर्ता गर्नुपर्नेमा फिर्ता नगरी नाली निर्माण कार्यमा रु १८०००० खर्च गरेको नियमसंम्मत नदेखिएको रु</td><td>१८०,०००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पेश्की व्यवस्थापन</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्यौट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायी तथा संस्थालाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले कानून बमोजिम कार्यसम्पन्न प्रतिवेदन समेत पेश गरी फछ्र्यौट गर्नुपर्ने रु</td><td>२७८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">पेश्की लिएको मिति</th><th rowspan="2">गो. भौ. न.</th><th rowspan="2">पेश्कीको विवरण</th><th rowspan="2">पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th colspan="2">रकम</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>०३-०८-७८</td><td>२६.</td><td>पूरानो गढी पूननिर्माणको लागि पर्यटन मन्त्रालयसंगको लागत सहभागीता</td><td>ए डि सिद्धगढी निसान जे भि</td><td>२१८३०००.</td><td>०</td></tr>
<tr><td>०७-०३-७९</td><td>४२.</td><td>भदौरेतल्लो गोहीया पिढीवास बलान खोलाउदयपुरगढी गाउँपालिका</td><td>लुम्बिनी ईन्जिनियरिङ्ग वकर्स प्रा लि</td><td>१५३००००.</td><td></td></tr>
<tr><td>२४-०३-७९</td><td>६६.</td><td>बैजनाथ चिदीदह मुहान गरि गैया सिंचाइ योजना</td><td>वैजनाथ खाेला चिनिदह मुहान गरी गैया सिचाई याेजना उ स</td><td>०</td><td>२७८०००.</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३७१३०००.</td><td>२७८०००</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्योंट भई पेश भएको आधारमा मिति २०७९-१२-१४ को निर्णयबाट रु. ४२१८०००।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्यौट सम्बन्धी व्यवस्था गरेको छ । साथै नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्योटकोलागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतको दरले ब्याज समेत असुल गरिने व्यवस्था गरेको छ। तर निम्नअनुसारको कार्यक्रम संचालन गर्न गरेको पेश्की आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्योट गरेको नदेखिएकोले नियममा भएको व्यवस्था वमोजिम फछ्र्योट हुनुपर्ने रु</td><td>८५८,७५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पेश्की लिएको मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम</td><td>रकम</td></tr>
<tr><td>२६-१०-७८</td><td>८</td><td>विद्यालयहरुलाइ लेखा सम्वन्धी तालिम/ सार्वजनीक खरिद एन/नियमावली सम्वन्धी तालीम</td><td>चक्रपाणी भट्टराई</td><td>२०००००.</td></tr>
<tr><td>२९-१२-७८</td><td>१२</td><td>कक्षा ३५ र ८ को परीक्षा सञ्चालन व्यवस्थापन खर्च</td><td>चक्रपाणी भट्टराई</td><td>४०००००.</td></tr>
<tr><td>२९-१२-७८</td><td>५९</td><td>प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान</td><td>चक्रपाणी भट्टराई</td><td>१४३७५०.</td></tr>
<tr><td>०२-०३-७९</td><td>१४</td><td>वालविकास केन्द्रका स.का.हरुलाइ पुनर्ताजिकि तालिम सञ्चालन</td><td>चक्रपाणी भट्टराई</td><td>११५०००.</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>८५८,७५०</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९-१२-१४ को निर्णयबाट रु. १५०००० /- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन। | |
| १६.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण सम्वन्धी व्यवस्था गरेको छ। कार्यालय प्रमुखले नियावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन। | |
| १६.४ | | | सार्वजनिक निकायले मालसामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकामा यस बर्ष खरिद गरेको माल सामान सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेख राखेतापनि गत विगत देखिका सामानको अभिलेख अध्यावधिक नरहेको सहायक जिन्सी खाता अध्यावधिक नहुदा मुल्यवान सामान क-कससंग रहेको यकिन गर्न सकिने गरी जिन्सी अभिलेख राखेको देखिएन । साथै वडा कार्यालयले खरिद गरेको जिन्सी सामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेखिकरण गरेको देखिएन। वडागत सामान तथा विगतका सम्पुर्ण सामान सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेख राख्नुपर्दछ। | |
| १७ | | | **नगदी रसिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ को उपनियम ६ मा कार्यालयमा नगद वा बैक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनुपर्ने उल्लेख छ । पालिकाले नयाँ म.ले.प. फारमहरु तयार नै नगर्ने गरी सफ्टवयेरबाट राजस्वको रसिद काट्ने गरेको तथा प्राप्त हुने सबै राजस्वको नगदी रसिद काट्ने गरेको देखिएन । सफ्टवयेरको मासिक शीर्षकगत जोडजम्मा र मासिक संपक्षिप्त प्रतिवेदनको जोड समेत आपसमा भिडान हुने नदेखिएकोले उक्त प्रणालीले प्राप्त सबै राजस्व सही र यथार्थ देखाएको छ भन्ने सम्बन्धमा एकिन गर्न सकिने कुनै आधारहरु रहेको देखिन्दैन । विद्युतीय माध्यमबाट राजस्वको रसिद काट्दा तोकिएको म.ले.प.फारमहरुको ढाँचा लेखा राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सामुदायिक वनबाट आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मागाउपालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ ।ऐनको दफा ६२ (ख) मा सामुदायिक वनले वन पैदावारको विक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनबाट राजस्व प्राप्त भएको छैन। गाउपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयबाट प्राप्त रकमकोशीर्षकगत विवरण नराखेको कारण कुनशीर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरीउठाउनुपर्नेमा उठाएको छैन,राजस्व आर्जन तर्फ कानूनको व्यवस्था अनुसार लगत अद्यावधिक गरी असुल कार्य गर्नुपर्दछ । | |
| १९ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| २० | | | **तालिम सञ्चालनः** तालिम सञ्चालनको लागि नर्मश स्वीकृत वा अर्थ मन्त्रालको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम तालिम सञ्चालन हुनुपर्दछ। विगतका वर्षदेखि नै विभिन्नप्रकारका तालिम वर्षैपिच्छे हुने गरेकोमा अद्यावधिक अभिलेख नराखेको,लाभग्राहीको छनौट पारदर्शी नभएको,कार्य सञ्चालन निर्देशिका,२०७७ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा लगायतमा बढी खर्च गरेको आदि जस्ता कारणले तालिममा अनावश्यक खर्च हुन गई तालिम औचित्यपूर्ण र प्रभावकारीसमेत देखिएको छैन। गाउँपालिकाले बजेट विनियोजन गर्दा प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन हुने र सीपमूलक तालिममा लगानी गर्नुपर्ने देखिन्छ। | |
| २१ | | | **मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु ३१२७८६० खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरी मर्मत आदेश बेगर खर्च गरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ। | |
| २२ | | | **इन्धन खर्चको मापदण्डः** प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु २४,९९,२०९ खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ। | |
| २३ | | | **भ्रमण खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु ३४,९९,९६१ भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन, भ्रमण अभिलेख तथा प्रतिवेदन नराखि खर्च गर्ने गरेको, स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानीको प्रयोजन स्पष्ट हुने गरी खर्च गर्नु पर्दछ। | |
| २४ | | | **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **आन्तरिक लेखापरीक्षण वाट देखिएका व्यहोराहरुः** स्थानीय सरकार संञ्चालन ऐन २०७४,को दफा ७७(२)मा स्थानीय तहले कानुन बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै ७७(३) मा आन्तरिक ले.प.ले औल्याएका | १,८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कैफियत सम्वन्धित अधिकारीले अन्तिम ले.प.हुनु भन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आन्तरिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु सम्वन्धमा कारवाही अगाडी बढाएको देखिएन। आन्तरिक लेखा परीक्षण ले औल्याएका व्यहोरा निम्न वमोजिम छन् ।<br><br>
<table>
<tr><td>गौ.भौ.नं/मिति</td><td>बेरुजु</td><td>रकम</td></tr>
<tr><td>३३/०७८/६/२२</td><td>भ्रमण खर्च नियमावली अनुसार भ्रमण खर्च भुक्तानी गर्दा फर्कने दिनको एक चौथाई मात्र भ्रमण भत्ता भुक्तानी गर्नु पर्नेमा सब इन्जिनियर विनिता बस्नेतलाई भुक्तानी भएको भ्रमण भत्तामा फर्कने दिनको पुरै भत्ता भक्तानी भएकोले असुल हुनु पर्ने रु</td><td>१८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८००</td></tr>
</table>
<br>(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१८ को निर्णयबाट रु. ७५०० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सुचना प्रकाशनः पालिकाले विभिन्न मिडियाहरुमा सूचनाप्रकाशन गर्दा आर्थिक वर्षको सुरुआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । गाउपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरु मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरु बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>लाभ ग्राही छनौटको आधारः गाउपालिकाले वितरणमुखी कार्यक्रममा पालिकाका सवै संभावित लाभग्राहीको समान पहुँचको मापदण्ड बनाई मापदण्ड बमोजिम उक्त सेवा सुविधा पाउनेको नाम छनोट भएपछि मात्र कार्यक्रम संचालन हुनुपर्नेमा पालिका वाट संचालित यस्ता खालका क्रियाकलापमा सबैको समान पहुँचको मापदण्ड तयार गरेको छैन भने बजार वाट खरिद गरीसकेपछि लाभग्राही खोज्ने अवस्था छ,तसर्थ कसैलाई पनि विभेद नहुने गरी मापदण्डका आधारमा सबैको पहुँच सुनिश्चित गरी लाभग्राहि छनोट हुनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **बैठक भत्ताः** पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु २५००००० खर्च गरेको छ। पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ। बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको,विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ | |
| २९ | | | **अनुगमन भत्ताः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को दफा ३ मा पालिकाका पदाधिकारीहरुको सुविधा अनुसूची १(क) वमोजिम हुने उल्लेख गरेको छ । त्यसै गरी अनुसूची १(क) मा अनुगमन भत्ता मासिक रुपमा एकमुष्ठ उपलव्ध गराउने व्यबस्था भएकोमा निम्नानुसारको पदाधिकारीहरुले विभिनन्न कार्यक्रम अनुगमन गरेवापत अनुगमा भत्ता लिएको देखिएकोले ऐनको व्यवस्था विपरित भुक्तानी भएको भत्ता असुली दाखिला गर्नु पर्ने रु | ६३,९२० |

| गौ.भौ.नं/मिति | पदाधिकारीको नाम | कार्यक्रमको नाम | कर वाहेकको रकम |
|---|---|---|---|
| ११९/०७८/९/२६ | सानु कुमारी राउत गा.पा.उपाध्यक्ष | महिला हिंसा सम्बन्धी कार्यक्रम | १७०० |
| ११९/०७८/९/२६ | कृष्ण ब खत्री वडा अध्यक्ष | महिला हिंसा सम्बन्धी कार्यक्रम | १७०० |
| ११९/०७८/९/२६ | कर्णमाया मगर वडा अध्यक्ष | महिला हिंसा सम्बन्धी कार्यक्रम | १७०० |
| ११९/०७८/९/२६ | खेद ब.आले वडा अध्यक्ष | महिला हिंसा सम्बन्धी कार्यक्रम | १०२० |
| ११९/०७८/९/२६ | मनोज कुमार कार्कि वडा अध्यक्ष | महिला हिंसा सम्बन्धी कार्यक्रम | १०२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११९/०७८/९/२६</td><td>संगिता वि.क. कापा सदस्य</td><td>महिला हिंसा सम्बन्धी कार्यक्रम</td><td>२०४०</td></tr>
<tr><td>११९/०७८/९/२६</td><td>गोमा खत्री कापा सदस्य</td><td>महिला हिंसा सम्बन्धी कार्यक्रम</td><td>२०४०</td></tr>
<tr><td>४०५/०७९/२/१९</td><td>सानु कुमारी राउत गा.पा.उपाध्यक्ष</td><td>कानुनी साक्षरता कार्यक्रम</td><td>६८००</td></tr>
<tr><td>४०५/०७९/२/१९</td><td>मनोज कार्कि वडा अध्यक्ष</td><td>कानुनी साक्षरता कार्यक्रम</td><td>३४००</td></tr>
<tr><td>४०५/०७९/२/१९</td><td>कुमार अधिकारी वडा अध्यक्ष</td><td>कानुनी साक्षरता कार्यक्रम</td><td>३४००</td></tr>
<tr><td>४६२/०७९/३/१५</td><td>मान ब.केप्छाकी मगर गा.पा.अध्यक्ष</td><td>प्रजनन् स्वास्थ र लैङ्गिक हिंसा न्युनिकरण सम्वन्धि तालिम</td><td>१७००</td></tr>
<tr><td>४७३/०७९/३/१७</td><td>जित ब.खड्का गा.पा.उपाध्यक्ष</td><td>विपत व्यवस्थापन सम्बन्धि अनुशिक्षण</td><td>१७००</td></tr>
<tr><td>४८५/०७९/३/१९</td><td>मान ब.केप्छाकी मगर गा.पा.अध्यक्ष</td><td>नेतृत्व तथा संस्थागत विकास तालिम</td><td>१७००</td></tr>
<tr><td>४८५/०७९/३/१९</td><td>जित ब.खड्का गा.पा.उपाध्यक्ष</td><td>नेतृत्व तथा संस्थागत विकास तालिम</td><td>१७००</td></tr>
<tr><td>४८८/०७९/३/१९</td><td>मान ब.केप्छाकी मगर गा.पा.अध्यक्ष</td><td>सहकारी व्यवस्थापन सम्बन्धि तालिम</td><td>७१४०</td></tr>
<tr><td>४८८/०७९/३/१९</td><td>इन्द्र ब.राउत वडा अध्यक्ष</td><td>सहकारी व्यवस्थापन सम्बन्धि तालिम</td><td>४७६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ५१९/०७९/३/२३ | जित ब.खड्का गा.पा.उपाध्यक्ष | सिप विकास तथा जनचेतना तालिम तथा गोष्टी | १७०० | |
| | | | ५१९/०७९/३/२३ | भुवन केप्छाकी मगर वडा अध्यक्ष | सिप विकास तथा जनचेतना तालिम तथा गोष्टी | १७०० | |
| | | | २२६/०७८/१२/१ | मान ब.केप्छाकी मगर गा.पा.अध्यक्ष | बालमैत्री वालघोषणा तालिम तरकारी खेती तालिम | १७०० | |
| | | | २२६/०७८/१२/१ | खेद ब आले वडा अध्यक्ष | बालमैत्री वालघोषणा तालिम तरकारी खेती तालिम | १७०० | |
| | | | ५५५/०७९/३/२५ | मान ब.केप्छाकी मगर गा.पा.अध्यक्ष | कर्मचारी लाई कम्प्युटर सम्वन्धि तालिम | २५५० | |
| | | | ५५५/०७९/३/२५ | जित ब.खड्का गा.पा.उपाध्यक्ष | कर्मचारी लाई कम्प्युटर सम्वन्धि तालिम | २५५० | |
| | | | २६५/०७८/१२/९ | सानु कुमारी राउत गा.पा.उपध्यक्ष | लेखापालन तालिम अनुगमन | ५१०० | |
| | | | | | जम्मा | ६३९२० | |
| ३० | | | **अनुगमन प्रतिवेदन** | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१८ को निर्णयबाट रु. ७०४००० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>तलवी प्रतिवेदनः निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकारसञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु २२३२६६२० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>संझौता भन्दा घटी परिमाणमा औषधी खरिदः पालिकाले ठेक्का नं URM।NCB।GOODS।०४। २०७८-७९ बाट औषधी खरिद गर्न रु १४९९९९९।७३ को लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्र माग गरेकोमा सबैभन्दा कम कबोल गर्ने मेडीगोल्ड इन्टरनेशनल प्रा ली सँग रु ५३५१६५।८५ मा सम्झौता गरेकोमा औषधी आपूर्ती गर्दा मेडीगोल्ड इन्टरनेशनलले सम्झौता विपरित म्याद कम भएको गुणस्तर नभएको औषधी आपूर्ती गरेको देखाइ रु ४ लाख ५ हजार ५ सय ९७ मूल्यको औषधीमात्र खरिद गरेको छ । सम्झौता बमोजिम कै औषधी आपूर्ती गर्नुपर्ने जिम्मेवारी पाएको मेडिगोल्ड इन्टरनेश्नललाइ सम्झौता विपरित कार्य गरेकोमा कार्यसम्पादन जमानत जफत गरी कालोसूचीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनुपर्नेमा सो नगरी सम्झौता भन्दा घटीको औषधी खरिद गर्नु नियमसंगत नदेखिएको रु</td><td>४०५,५९७</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी तथा पदपूर्तीः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ती भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तीको अवस्था एवं विद्यार्थी संख्या निम्नानुसार देखिन्छ ।
<table>
<tr><th>विद्यालयको संख्या</th><th>दरबन्दि संख्या</th><th>पदपूर्ति मध्ये</th><th>रिक्त पद</th><th>विद्यार्थी संख्या</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>स्थायी</td><td>राहत/ करार</td><td></td><td></td></tr><tr><td>६०</td><td>३४३</td><td>७२</td><td>२६६</td><td>११</td><td>७३७३</td></tr></table></td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>दिवा खाजाः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्यनरत बालबालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तस्रो चौमासिकको निकासा गर्दा पहिलो र दोश्रो चौमासिकमा निकासा भएको रकमको सदुपयोगको सुनिश्चित गर्ने सबै विद्यालयका प्रधानाध्यापकको बैठक राखी दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने, सम्भव भए सम्म स्थानीयतह भित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजीकरण गर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष दिवा खाजा बापत ६० वटा विद्यालयलाइ रु ७३ लाख २७ हजार भुक्तानी गरेको छ । कार्यान्वयन पुस्तिका बमोजिम सबै विद्यालयहरुले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट हाजिरी प्रतिलिपी प्रमाणित गरेको, दिवा खाजाको मेनुमा एकरुपता कायम गरेको, खर्चको सदुपयोगतको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन ।</td><td></td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>कार्यसम्पादन प्रोत्साहनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा नमूना विद्यालय कार्यसम्पादन करारको आधारमा विद्यालयका प्रध्यानाध्यापक र शिक्षकको लागि विद्यालय प्रोत्साहन अनुदानबापत प्रति विद्यालय रु २ लाखका दरले बजेट व्यवस्था गरिएको र कार्यसम्झौता बमोजिम नतिजा विद्यालय व्यवस्थापन समितिबाट सिफारिश प्राप्त भए पश्चात उक्त रकम विद्यालयमा निकासा गरी ५० प्रतिशत प्रधानाध्यापक र ५० प्रतिशत अन्य विषयगत शिक्षकलाइ उपलब्ध गराउनुपर्ने उल्लेख छ । नमूना मा वि भलायाडाँडाले कार्यसम्पादन प्रोत्साहन भत्ता बापत रु २ लाख निकासा गरेकोमा सहायक शिक्षकसँग प्रधानाध्यापकले कार्यसम्पादन सम्झौता गरेको विवरण पेश भएकोमा विद्यालयका प्र अ सँग विद्यालय व्यवस्थापन समितिले कार्यसम्पादन सम्झौता गरेको विवरण नगरी रु १ लाख भुक्तानी दिएको प्रमाण पेश गर्नु पर्ने रु</td><td>१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सन्चालन गरी यस बर्ष ११ योजना संचालन गरी १२० जनालाइ न्यूनतम १२ दिन देखि अधिकतम १०० दिन सम्मको पारीश्रमिक बापत रु ६७ लाख ९५ हजार खर्च लेखेको छ । संचालित कार्यक्रमबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिएन । | |
| ३५ | | | **सामाजिक सुरक्षा भत्ता** | |
| ३५.१ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख बमोजिम लक्षित समूह अनुसार छुट्टा छुट्टै अद्यावधिक अभिलेख पालिका र वडा कार्यालयमा राख्नु पर्ने र बुँदा ११ मा पालिकाको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराइ लगत कट्टा गरी मूल अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ । पालिकाले फोटो सहितको मूल अभिलेख र लाभग्राहीको लगत कट्टा विवरण अद्यावधिक गरि राखेको पाइएन । कार्यविधि पालना गरी विवरण अद्यावधिक राखिनु पर्छ । | |
| ३५.२ | | | **सामाजिक सुरक्षा दोहोरो भुक्तानीः** <br> **........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९-१२-१८ को निर्णयबाट रु. १२०००।- सम्परीक्षण गरिएको ।)*** | |
| ३६ | | | **अमानतवाट कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतवाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने यसरी कार्य गराउँदा एक लाख रुपयाँ नवढाई गर्न सकिने व्यवस्था छ। तर पालिकाले वुस कटिङ व्यवस्थापन ( विद्युत विस्तार गरेको क्षेत्रको हाँगा काट्ने) राजन पोखरेललाई पेश्की उपलव्ध गराई अमानतवाट रु ३३९००० को कार्य गराएको नियमसंगत नदेखिएको रु | ३३९,००० |
| ३७ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध | ३,२४०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउने र निर्माण कार्यसम्पन्न भए पस्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ। पालिकाले यस कार्यक्रम तर्फ १०८ परिवारलाई प्रथम किस्ता वापत तिस हजारका दरले रु ३२ लाख ४० हजार रकम उपलव्ध गराएकोमा निर्माण कार्य सम्पन्न गरेको देखिएन। निर्माण कार्य सम्पन्न गरी अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | |

| मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|
| ०७-०१-७९ | २४. | वडा न ७ का १० जनालाई | ३००,०००.०० |
| ०८-०१-७९ | २६. | वडा न ८ का १६ जनलाई | ४८०,०००.०० |
| ०८-०१-७९ | २७. | वडा न ३ का १५ जनालाई | ४५०,०००.०० |
| २६-०२-७९ | ३१. | वडा न ५ का १५ जनालाई | ३६००००. |
| २०७९/०२/३१ | ३३. | वडा न १ का १३ जनालाई | ३९००००. |
| २०७९/०२/३१ | ३७. | वडा न ६ का १० जनलाई | ३०००००. |
| ०१-०३-७९ | ३८. | वडा न ५ का ३ जनलाई | ९०,०००.०० |
| २४-०३-७९ | ६८. | वडा न २ का १९ जनालाई | ५७००००. |
| २५-०३-७९ | ७१. | २ जनालाई | ६०,०००.०० |
| २५-०३-७९ | ७६. | वडा न ४ का ८ जनालाई | २४००००. |
| | | जम्मा | ३,२४०,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **सोझै खरिद** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम ८५ वमोजिम दशलाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा माल सामान सोझै खरिद गर्न सक्ने व्यवस्था गरेको छ। तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्याक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ। तर पालिकाले पटक पटक उक्त सिमा भन्दा बढीको निम्न अनुसारको ५ नं वडा कार्यालय निर्माण गराएको नियमसंम्मत नदेखिएको रु
<table>
<tr><th>मिति</th><th>गो. भौ. न.</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी</th></tr>
<tr><td>७९/०३/२५</td><td>४२४</td><td>५ न वडा कर्यालय</td><td>समृद्धि निर्माण सेवा</td><td>९६०४५६.</td></tr>
<tr><td>२५-०३-७९</td><td>४४५</td><td>५ न वडा कर्यालय</td><td>पि.के.निर्माण सेवा</td><td>८३४४८९.</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१७९४९४५.</td></tr>
</table></td><td>१,७९४,९४५</td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम ८५ वमोजिम पाँचलाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा माल सामान सोझै खरिद गर्न सक्ने व्यवस्था गरेको छ। तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्याक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ। तर पालिकाले पटक पटक उक्त सिमा भन्दा बढीको निम्न अनुसारको फर्निचर खरिद गरेको नियमसंम्मत नदेखिएको रु</td><td>१,१४७,९२०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सफ्टवेयर खरिदः नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले स्कुल म्यानेजमेन्ट सफ्टवेयर खरिद गरी बमोजिम रु.१४९१६०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागमा अभिलेखिकरण गरी सुचना प्रविधि मानक वमोजिम भएको सुनिश्चित गर्न स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td>२०७९-९-४</td><td>पाईप खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजांच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले खानेपानी पाईप</td><td>१,७२८,८९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद गरेकोमा जडान नगरी भुक्तानी गरेको देखियो। खरिद गरेका पाईप तोकिएको स्थानमा जडान गरी नापजाँच गरी प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>पाईपको प्रकार</th><th>स्पेसिफिकेशन</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>२०mm</td><td>pn १६</td><td>७०००</td><td>३४</td><td>२३८१४०</td></tr>
<tr><td>२५mm</td><td>pn १६</td><td>७०००</td><td>५२</td><td>३६६९४०</td></tr>
<tr><td>३२mm</td><td>pn १२.६</td><td>२०००</td><td>६९</td><td>१३८१००</td></tr>
<tr><td>५०mm</td><td>pn १६</td><td>८००</td><td>२०४</td><td>१६२८९६</td></tr>
<tr><td>६३mm</td><td>pn १०</td><td>१२००</td><td>२२२</td><td>२६६७१२</td></tr>
<tr><td>७५mm</td><td>pn १२.५</td><td>८००</td><td>३७३</td><td>२९८५६८</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कार्यसम्पादन जमानतः सार्वजिक खरिद नियमावलीको नियम १२० मा म्याद थप सम्वन्धि व्यवस्था गरेको छ। पालिकाले निम्न अनुसारका संझौताको म्याद थप गरेकोमा कार्यसम्पादन जमानत तथा विमाको म्याद थप गरेको देखिएन। कानुनमा तोकिए अवधि सम्मको म्याद भएको कार्यसम्पादन जमानतको म्याद थप गराई तथा विमा समेत गराएर मात्र म्याद थप गर्नुपर्ने देखिन्छ। तोकिएको अवधि सम्मको कार्यसम्पादन जमानत र बिमा राख्नुपर्ने देखिन्छ।
<table>
<tr><th rowspan="2">ठेक्का नं</th><th rowspan="2">निर्माण व्यवसायीको नाम र ठेगाना</th><th colspan="2">कार्य सम्पादन जमानत</th><th rowspan="2">काम समाप्त गर्नुपर्ने मिति</th><th rowspan="2">म्याद थप भएकोमा कायम भएको मिति</th><th rowspan="2">कार्य सम्पन्न भएको मिति</th><th rowspan="2">लागत अनुमान रकम</th><th rowspan="2">सम्झौता रकम</th></tr>
<tr><th>रकम</th><th>म्याद सकिने मिति</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |
| ४२ | | | **अधुरो कार्य** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०-०७८/७९ | ग्लान ईन्फोटेक सर्भिङ एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन प्रा.लि./पिके निर्माण सेवा | ११६१३५४ | ३०-०१-८० | ३०-१२-७८ | २०७९/३/२० | २०७९/३/२० | ८९९७७५ | ६६१२५९ |
| ०९-०७८/७९ | त्रिवेणी इन्जिनियरीङ तथा सप्लायर्स | ४२५०७२ | ३०-०१-८० | ३०-१२-७८ | १५-०२-७९ | १५-०२-७९ | १९९९९०४ | ८७७७९५ |
| ०८-०७८/७९ | त्रिवेणी इन्जिनियरीङ तथा सप्लायर्स | ३८२२९६ | ३०-०१-८० | ३०-१२-७८ | २०७९-०२-३० | २०७९-०२-३० | १८४९५३३ | ८३५६९३ |
| १६-०७८/७९ | अनमोल निर्माण सेवा | २९७७९२ | ३०-०१-८० | ३०-०३-७९ | | | १६४९१३१ | ८४१४३३ |
| १२-०७८/७९ | अनमोल निर्माण सेवा | २१३५८३ | ३०-०१-८० | ३०-१२-७८ | २४-०३-७९ | २४-०३-७९ | १४८५९१४ | ८७९९४९ |
| १३-०७८/७९ | अनमोल निर्माण सेवा | २७४८३५ | ३०-०१-८० | ३०-१२-७९ | २४-०३-७९ | २४-०३-७९ | १६९९८५० | ९३८८७० |
| १९-०७८/७९ | अनमोल निर्माण सेवा | २१९४१७ | ३०-०१-८० | ३०-०१-७९ | २४-०३-७९ | २४-०३-७९ | १०९९२१९ | ५१३९९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (११) संझौता वमोजिमका काम सम्पन्न नभएका म्याद थप नभएका संझौताको हकमा खरिद संझौता अन्त्य गर्ने जमानत तथा धरौटी जफत गर्ने भएको क्षतिपुर्ति भराउने तथा कालोसुचीमा राख्न सार्वजिक खरिद अनुगमन कार्यलयमा पठाउने व्यवस्था गरेको छ। तर निम्न अनुसारको निर्माण कार्यको संझौता वमोजिमको काम सम्पन्न गरेको नदेखिएकोमा कानुनमा व्यवस्था भए वमोजिम कार्यसम्पादन जमानत जफत गर्ने धरौटी जफत गर्ने तथा क्षतिपुर्ति भराउने लगायतको प्रकृया पालिकाले चालेको देखिएन। | |

| ठेक्का नं | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत | | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति | कार्य सम्पन्न भएको मिति | लागत अनुमान रकम | सम्झौता रकम | हालसम्म सम्पन्न कार्य | घटि काम प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | म्याद सकिने मिति | | | | | | | |
| १३-०७८/७९ | अनमोल निर्माण सेवा | २७४८३५ | ३०-०१-८० | ३०-१२-७९ | २४-०३-७९ | २४-०३-७९ | १६९९८५० | ९३८८७० | २८६८६५ | -६९.४ |
| ०७-०७८/७९ | ग्लान ईन्फोटेक सर्भिङ एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन प्रा.लि. | ५४५५४५ | २०८०-०२-३० | ३०-०१-७९ | २०-०३-७९ | २०-०३-७९ | २६४९८१९ | १२०२९०२ | ४२७२१३ | -६४.५ |
| १२-०७८/७९ | अनमोल निर्माण सेवा | २१३५८३ | ३०-०१-८० | ३०-१२-७८ | २४-०३-७९ | २४-०३-७९ | १४८५९१४ | ८७९९४९ | ४४६९१० | -४९.२ |
| १०-०७८/७९ | ग्लान ईन्फोटेक सर्भिङ एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन प्रा.लि./पिके निर्माण सेवा | १६१३५४ | ३०-०१-८० | ३०-१२-७८ | २०७९/३/२० | २०७९/३/२० | ८९९७७५ | ४६१२५९ | ३६७१७१ | -२०.४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **भेरिएसन आदेशः** सार्वजनिक खरिद नियमावलीको नियम ११८ मा ड्रईङ डिजाईन तथा स्पेसिफिकेसन वदल्नु पर्ने वा नपर्ने वदल्नु पर्ने भएमा आधारभुत प्रकृति वा क्षेत्रमा परीवर्तन हुने वा नहुने भेरिएसन परीमाणको प्राविधिक कारण र पुष्ट्याई लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत समेत खुलाएर दफा ५४ वमोजिम भेरीएसन आदेश जारी गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले निम्न अनुसारको निर्माणकार्यको संझौतामा उल्लेख भएको भन्दा घटी कार्य भएकोमा भेरिएसन आदेश स्वीकृत गरेको देखिएन। कारण खुलाएर भेरिएसन आदेश स्वीकृत हुनुपर्दछ। | |

| ठेक्का नं | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पन्न भएको मिति | लागत अनुमान रकम | सम्झौता रकम | सम्पन्न गरेको काम | घटी काम प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| ०८-०७८/७९ | त्रिवेणी इन्जिनियरीङ तथा सप्लायर्स | २०७९-०२-३० | १८४९५३३ | ८३५६९३ | ७२७८३८ | -१२.९१ |
| ०९-०७८/७९ | त्रिवेणी इन्जिनियरीङ तथा सप्लायर्स | १५-०२-७९ | १९९९९०४ | ८७७७९५ | ७७२०२५ | -१२.०५ |
| १४-०७८/७९ | डि आर कन्ट्रक्सन | २५-०३-७९ | ४८९९८७९ | २३४७७३२ | २१०४६७६ | -१०.३५ |
| २०-०७८/७९ | ग्लान ईन्फोटेक सर्भिङ एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन प्रा.लि. | २१-०३-७९ | २३९९७४८ | १६७५१९९ | १५१६७१७ | -९.४६ |
| १८-०७८/७९ | वेलका निर्माण सेवा | २२-०३-७९ | ९०९९४९२ | ६१३०४०४ | ५६३२६८९ | -८.१२ |
| ७-०७८/७९ | डि सि कन्ट्रक्सन | २९-१२-७८ | १८९९८३२ | ९३७७८७ | ८७५१७१ | -६.६८ |
| ०५-०७८/७९ | आर एन कन्ट्रक्सन | २०-०३-७९ | ९९९९६२० | ५६९२२०० | ५३५३०२७ | -५.९६ |
| ०४-०७८/७९ | ग्लान ईन्फोटेक सर्भिङ एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन प्रा.लि. | १५-०२-७९ | ३९९९९४९ | २१४८६१२ | २०३९१३४ | -५.१० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>११-०७८/७९</td><td>ग्लान ईन्फोटेक सर्भिङ एण्ड ईन्जिनियरीङ कन्स्ट्रक्सन प्रा.लि./पिके निर्माण सेवा</td><td>१५-०२-७९</td><td>१४९९९२७</td><td>६५८३६७</td><td>६२९१२०</td><td>-४.४४</td></tr></table></td><td></td></tr>
<tr><td>४४</td><td>९</td><td>२०७८-६-१२</td><td>सामुदायिक ग्रामिण विद्युतिकरणः पालिकाले सामुदायिक विद्युतिकरण कार्यक्रमकोलागि सामुदायिक ग्रामिण विद्युतिकरण विभागसंग संझौता गरेको देखियो। जसमा उदयपुरगडी गाउँपालिकाको वडा नं ३ ४ र ६ मा ११ केभिए लाईन ११.८ किलोमिटर विस्तार गर्ने उल्लेख गरेको छ। संझौता अनुसार कुल लागत रु ७१२४०५०१।१७ उल्लेख गरेकोमा लागतको १० प्रतिशत रकम पालिकाले व्यहोर्ने उल्लेख छ। सोही लागत अनुमानको आधारमा पालिकाले सोको १० प्रतिशतले हुने रकम रु ७१२४०५०।११ रकम विभागको खातामा जम्मा गरेको देखियो। पालिकाले संझौता वमोजिम वास्तविक लागतको आधारमा मात्र लागत व्यहोर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>डीपीआरः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष वृस्तित परियोजना सर्भेक्षणकालागि रु. ३७९२८५६ परामर्शदाताबाट काम गराई खर्च गरको छ ।<br><table><tr><th>परामर्श दाताको नाम</th><th>योजनाको नाम</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययन निर्धारण भएको आयोजनाको लागत</th></tr><tr><td>फारसाईट इन्जिनियरिङ्ग सभिसेज प्रा लि</td><td>बैजनाथ खेला भदौरे देभान सडक पुल डि पि आर</td><td>१००००००</td><td>९९७७९०</td><td>३९६३७८४०</td></tr><tr><td>न्यु प्लानेट इन्जिनियरिङ्ग सभिसेज प्रा लि</td><td>१५ शौयाको उदयपरगढी अस्पताल डि पि आर</td><td>१८०००००</td><td>१७९७८३०</td><td>३११२९१५५९</td></tr><tr><td>H N M Engineering</td><td>Putali Khola RCC motorable Bridge</td><td>१००००००</td><td>९९७२३६</td><td>१९९२७५८१</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>३८०००००</td><td>३७९२८५६</td><td>३७०८५६९८०</td></tr></table>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ वमोजिम परामर्श सेवाको लागत अनुमान गर्ने सम्वन्धी व्यवस्था गरेको छ। लागत अनुमानको गर्दा लिएको आधार पेश भएन। विनियोजित बजेट बराबर नै लागत अनुमान तयारगरी खर्च गरेको देखियो। अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत देखिएन।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>उपभोक्तालाई व्यवस्थापन खर्च भुक्तानीः<br>null</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सम्परीक्षणः स्थानीय सरकार सञ्चालिन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ सो व्यवस्था अन्तरगत पालिकाले यस वर्ष आर्थिक वर्ष २०७७।७८ को देहाय बमोजिम फछ्र्यौट नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट रु ३०१६६५७/- बेरुजू संपरीक्षणको लागि अनुरोध भइ सम्परीक्षण गरिएको छ । सम्परीक्षणबाट उल्लेखनीय बेरुजू देखिएको छैन ।</td><td></td></tr>
</table>